तारकेश्वर नगरपालिकाको आर्थिक ऐन २०७७

**सभाबाट स्वीकृत मितिः २०७७।०३।११**

प्रस्तावना : तारकेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्चछनीय भएकोले,

नेपालको संविधान धारा २२८ को उपधारा (१) बमोजिम तारकेश्वर नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तारकेश्वर नगरपालिका क्षेत्रमा सम्वत् २०७७ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **सम्पत्ति कर :** नगरपालिकाका क्षेत्र भित्र अनुसूची - १ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाईने र असुल उपर गरिनेछ। भवनको मूल्याङ्कन दर, भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि अनुसूची - २ अनुसार गरिनेछ।

३. **भुमि कर (मालपोत) :** नगरपालिका क्षेत्र भित्र अनुसूची -३ मा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

४. **घर वहाल कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिईएकोमा अनुसूची - ४ मा उल्लेख भए बमोजिम घर वहाल कर लगाईने र असुल उपर गरिनेछ।

५. **व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची - ५ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

६. **जडिवुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो जटिवुटी, वन कस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, छाला, प्वाँख जस्ता वस्तुको व्यावसायिक कारोवार गरे वापत अनुसूची - ६ मा उल्लेख भए बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ।

७. **सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची - ७ मा उल्लेख भए बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।

८. **विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची - ८ मा उल्लेख भए बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची - ९ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्र भित्र आफुले निर्माण गरेका, रेखदेख वा सञ्चालन गरेको ठाउँमा अनुसूची - १० मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

११. **पार्किंग शुल्क :** नरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किंग सुविधा उपलब्ध गराए वापत अनुसूची - ११ मा उल्लेख भए बमोजिम पार्किंग शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिंग,कोयोकिङ, क्यानोईंग, बन्जीजम्पिंग, जिपफ्लायर र र्याफिंटग शुल्क**: नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिंग,कोयोकिङ, क्यानोईंग, बन्जीजम्पिंग, जिपफ्लायर र र्याफिंटग शुल्क अनुसूची - १२ मा उल्लेख भए बमोजिम लगाईने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क दस्तुर**: नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची - १३ मा उल्लिखित स्थानीय पूर्वाधार उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट उक्त अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. **पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची - १४ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१५. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। यस बुँदामा जुनकुनै कुरा लेखिएको भए तापनि नगरपालिकाले यसै विधेयकको अनुसूची - १५ मा उल्लेख गरे बमोजिम र २०७२ सालमा गएको महाभुकम्पमा परी घरको पूर्ण क्षति भई नगरपालिकाबाट भुकम्पपिडित '**क**' वर्गको कार्ड जारी गरिएका भुकम्पपिडितहरूले नगरक्षेत्रमा आवसीय घर निर्माण गर्न एक पटकका लागि पहिलो तल्ला (१००० वर्गफुटमा नबढ्ने गरी) मा लाग्ने नक्सा पास शुल्क लाग्नेछैन र दफा २ बमोजिमका करदाताहरूलाई चालु आ.व. को प्रथम चौमासिक (कार्तिक मसान्त) सम्ममा सम्पत्तिकर तिर्ने करदाताहरूलाई कर रकमको १० प्रतिशतले हुन आउने रकम छुट दिईनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।

# अनुसूची - १

**(दफा २ सँग सम्बन्धित)**

***सम्पत्ति करको दररेटः***

**तारकेश्वर नगरपालिका क्षेत्रभित्र आ.व. २०७७।०७८ देखि लागु हुनेसम्पत्ति करको स्वीकृत दररेट**

| करयोग्य सम्पत्तिको मूल्य | बार्षिक दर | मुल्यांकन लाखमा | कर रकम | मुल्यांकन लाखमा | कर रकम |
|---|---|---|---|---|---|
| तीस लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५०० | १ | ५०० | ३० | ५०० |
| एकतीस लाख देखि चालीस लाख रुपैयाँसम्म | प्रति लाख रु ३० | ३१ | ९३० | ४० | १२०० |
| एकचालीस लाख देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख ३५ | ४१ | १४३५ | ५० | १७५० |
| एकाउन्न लाख देखि साठ्ठी लाख रुपैयाँसम्म | प्रति लाख रु ४५ | ५१ | २२९५ | ६० | २७०० |
| एकसठ्ठी लाखदेखि सत्तरी लाख रुपैयाँसम्म | प्रति लाख रु. ५५ | ६१ | ३३५५ | ७० | ३८५० |
| एकहत्तर लाखदेखि असी लाख रुपैयाँसम्म | प्रति लाख रु. ६५ | ७१ | ४६१५ | ८० | ५२०० |
| एकासी लाखदेखि नब्बे लाख रुपैयाँसम्म | प्रति लाख रु. ७० | ८१ | ५६७० | ९० | ६३०० |
| एकान्नब्बे लाखदेखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु. ७५ | ९१ | ६८२५ | १०० | ७५०० |
| एक करोड एक लाख देखि एक करोड बीस लाख रुपैयाँसम्म | प्रति लाख रु. ८५ | १०१ | ८५८५ | १२० | १०२०० |
| एक करोड एक्काईस लाख देखि एक करोड चालीस लाख रुपैयाँसम्म | प्रति लाख रु. १०५ | १२१ | १२७०५ | १४० | १४७०० |
| एक करोड एकचालीस लाख देखि एक करोड साठ्ठी लाख रुपैयाँसम्म | प्रति लाख रु. ११५ | १४१ | १६२१५ | १६० | १८४०० |
| एक करोड एकसठ्ठी लाखदेखि एक करोड असी लाख रुपौयँसम्म | प्रति लाख रु. १२५ | १६१ | २०१२५ | १८० | २२५०० |
| एक करोड एकासी लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. १३५ | १८१ | २४४३५ | २०० | २७००० |
| दुई करोड एक लाख देखि दुई करोड पचास लाख रुपौयँसम्म | प्रति लाख रु. १५० | २०१ | ३०१५० | २५० | ३७५०० |
| दुई करोड एकाउन्न लाखदेखि तीन करोड रुपैयाँसम्म | प्रति लाख रु. १७० | २५१ | ४२६७० | ३०० | ५१००० |
| तीन करोड एक लाख देखि तीन करोड पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. १९० | ३०१ | ५७१९० | ३५० | ६६५०० |
| तीन  करोड एकाउन्न लाखदेखि चार करोड रुपैयाँसम्म | प्रति लाख रु. २०५ | ३५१ | ७१९५५ | ४०० | ८२००० |
| चार करोड एक लाख देखि चार करोड पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. २२० | ४०१ | ८८२२० | ४५० | ९९००० |
| चार करोड एकाउन्न लाखदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु. २३० | ४५१ | १०३७३० | ५०० | ११५००० |
| पाँच करोड एक लाख भन्दा माथि | प्रति लाख रु. २५० | ५०१ | १२५२५० | | |

नोटः मुल्यांकन रकमलाई रु लाखमा (ROUND FIGURE) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**स्पष्टीकरणः**

१. नगरपालिकाद्वारा आफ्नो क्षेत्रभित्रको सम्पत्ति कर लाग्ने भवनको अनुसूची - २ र जग्गाको मुल्यांकनको सम्बन्धित मालपोत कार्यालय (मनमैजु र टोखा) बाट रजिष्ट्रेशन प्रयोजनार्थ स्विकृत भएको रकमलाई आधार मानी मूल्य निर्धारण गरी सो मूल्यमा अनुसूची - १ बमोजिम सम्पत्ति कर लगाई असूल गरिनेछ। भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्शा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ।

२. माथि बुँदा नं.१ बमोजिम सम्पत्ति कर लाग्ने भवन र जग्गा बाहेक भवन नभएको बाँकी जग्गामा अनुसूची - ३ को दरमा भूमिकर (मालपोत) लगाई असूल गरिनेछ। हाल एकपटकका लागि सम्पत्तिकर असुल गर्दा आ.व. २०७१/०७२ देखि गणना गरी कर असुल गर्ने निर्णय गरियो।

३. संयुक्त तथा सामुहिक आवासको सम्पत्ति कर निर्धारणः

(१) बहु तले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक, पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक, पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरी असुल उपर गरिनेछः

(क) बहु तले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा घर जे–जति क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरी हक हस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट) को क्षेत्रफल कायम गरिनेछ ।

(ख) बहु तले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को जग्गाको क्षेत्रफल कायम गर्दा राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखतमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घर (अपार्टमेन्ट वा फ्ल्याट) को स्वामित्व बराबरको क्षेत्रफल मानि सो को दुई गुणा बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ।

(ग) माथि खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम हुन आउने घर र जग्गाको क्षेत्रफललाई आधार मानी स्वीकृत दर अनुसार मूल्याङ्कन गरी कर निर्धारण गरिनेछ।

(घ) संयुक्त आवास (हाउजिङ्ग) को जग्गाको क्षेत्रफलको हकमा राजिनामा वा हक हस्तान्तरणको लिखतमा उल्लेख भए बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ।

(२) नगरपालिकाले तोकेको अवधिभित्र सामूहिक आवास वा संयुक्त आवास निर्माण भएका आवास विक्री नभई बाँकी रहेको स्टकमा सम्पत्ति कर लाग्ने छैन। तर अनुगमन गर्दा त्यसरी बिक्री नभएको स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्नेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको स्वीकृत लिई निर्माण भएको संयुक्त आवास वा सामुहिक आवासको सामूहिक उपभोगमा रहने वेसमेण्ट, बगैँचा, पार्किङ्ग तथा सडक क्षेत्रमा सम्पत्ति कर लगाइने छैन।

४. लिज सम्झौता बमोजिमको सम्पत्तिमा कर लाग्नेः

(१) कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्तिले भवन आदि भौतिक संरचनाको निर्माण, विकास र सम्बर्द्धन गरी भोग गरेको सम्पत्तिको कर तिर्नुपर्ने दायित्व सम्बन्धमा निजहरुबीच भएको सम्झौतामा स्पष्ट उल्लेख

गरिएको हकमा सोही बमोजिम हुनेछ। यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तिको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले यस अनुसूची बमोजिमको कर दाखिला गर्नुपर्नेछ।

(२) माथि बुँदा - १ बमोजिमको लिज सम्झौता भंग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ति कर तिर्ने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ।

(३) प्रचलित नेपाल कानून र यस अनुसूची बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यवसायिक प्रयोजनका लागि भवन निर्माण गरी उपयोग गरेको भए उक्त भवन र सो ले चर्चेको जग्गामा सम्पत्ति भोग गर्ने व्यक्ति वा संस्थाबाट यस अनुसूची बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ।

(४) सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा एउटा प्रयोजनको लागि बनाएको भवन सो प्रयोजन परिवर्तन गरी व्यवसायिक प्रयोजनमा प्रयोग गरेको पाईएमा कर अधिकृतले कर निर्धारण गरी कर असुल गर्नेछ।

५. आर्थिक बर्ष २०७६।०७ ७ को कार्तिक मसान्तभित्र सम्पत्ति कर दाखिला गरेमा यस आर्थिक बर्षमा लाग्ने सम्पत्ति करमा दश प्रतिशत छुट दिइनेछ। आर्थिक बर्ष २०७५।०७६ भन्दा अगाडिका करहरूलाई घर जग्गा कर नै तत् तत् वर्षको दररेटले लिईनेछ।

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको घर र घर जग्गामा सम्पत्ति कर लाग्ने छैन।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको स्वामित्वमा रहेको घर र घरजग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र घरजग्गा,

(घ) मुनाफाको उद्धेश्य नराखी सञ्चालन गरिएको सरकारी, सामुदायिक तथा सार्वजनिक शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्धेश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी संकलन, पोखरी, विधुतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा।

# अनुसूची - २

**(दफा २ सँग सम्बन्धित)**

**भवनको मूल्याङ्कन दर, भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि**

घरको मुल्यांकन भवनको बनौटको आधारमा भवनको मूल्याङ्कन दर देहाय बमोजिम कायम गरिएको छ । भवनको बनौट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछः

| सि.नं. | घरको वनावट | औषत लागत दर (प्रति वर्गफुट) | प्रति वर्ष वर्गफुट ह्रासकट्टी प्रतिशतमा | घर, भवन भौतिक संरचनाको आयु |
|---|---|---|---|---|
| १ | भित्री बाहिरी काँचो ईट्टाले बनेको माटोको जोडाई भएका सबै किसिमका घर | रू. ५००।०० | ४ प्रतिशत | १५ |
| २ | भित्र काँचो बाहिर पाको ईट्टा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर | रू. ६००।०० | ३ प्रतिशत | २५ |
| ३ | भित्र बाहिर पाको ईट्टा वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घरहरु | रू. १,५००।०० | २ प्रतिशत | ३५ |
| ४ | प्रिफ्याब भवन, गोदाम भवन | रू. १,५००।०० | २ प्रतिशत | ३५ |
| ५ | भित्रबाहिर पाको ईट्टा वा ढुंगा वा ब्लकमा सिमेन्टको जोडाई भएका सबै किसिमका घरहरु | रू. १,५००।०० | १ प्रतिशत | ७० |
| ६ | स्टील स्ट्रक्चर (ट्रस)भवन | रू. १,६००।०० | २ प्रतिशत | ३५ |
| ७ | आर सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर | रू. १,८००।०० | ०.७५ प्रतिशत | १०० |
| ८ | लिफ्ट सिष्टमको घरहरु | रू. २,२००।०० | ०.७५ प्रतिशत | १०० |

**अनुसूची - ३**

**(दफा ३ सँग सम्बन्धित)**

**भूमिकर (मालपोत) दरहरु**

| क्र .स. | करका क्षेत्र/ विवरण | दर | | कैफियत |
|---|---|---|---|---|
| १ | मालपोत प्रति आना (३१.७९ वर्गमिटर) | क वर्ग (वडा नं. - ४, ७, ८, ९, १०, ११) | ख वर्ग (वडा नं.- १, २, ३, ५, ६) | |
| | | रु. १० | रु. ७ | |

- जरिवाना कुल वक्यौतामा वार्षिक ५ प्रतिशतका दरले र अधिकतम् ५० प्रतिशतसम्म,
- जग्गा दर्ताका वखत एकमुष्ठ तिर्न आउनेको हकमा चालु आ.व. कै उल्लेखित दररेटमा मालपोत असुली गर्ने, सो मा जरिवाना नलाग्ने ।

## अनुसूची - ४
### (दफा ४ सँग सम्बन्धित)
### घरबहाल करका दरहरु

| क्र.स. | करका क्षेत्र/ विवरण | दर |
|---|---|---|
| १ | घर बहालकर | ५ प्रतिशत र १० प्रतिशत (संलग्न सूचीमा उल्लेख भए बमोजिम) |
| २ | जग्गा भाडाकर | २ प्रतिशत |

❖ आवासीय घरबहाल करमा ५ प्रतिशत, व्यापारिक प्रयोजन तथा व्यावसायिक घर बहालकरको १० प्रतिशत नै लागु हुने र संघसंस्था तथा अन्य प्रकृतिका व्यवसायहरूलाई १० प्रतिशत लाग्नेछ।

| तारकेश्वर नगरपालिका क्षेत्रभित्रका बहाल कर न्यूनतम् भाडादर तोकिएको छ। | | | | |
|---|---|---|---|---|
| शीर्षक | वर्ग क (वडा नं. ४, ७, ८, ९, १०, ११) | | वर्ग ख (वडा नं. १, २, ३, ५, ६) | |
| | भित्री सडक | मुल सडक | भित्री सडक | मुल सडक |
| टहरा आवासको लागि मासिक | १००० | १५०० | ५०० | १००० |
| टहरा व्यावसायको लागि मासिक (प्रति सटर) | २५०० | ३५०० | १५०० | २५०० |
| घर कोठा मासिक (प्रति कोठा) | २००० | ३००० | १५०० | २५०० |
| सटर मासिक (प्रति सटर) | ४००० | ६००० | २५०० | ४००० |
| जग्गा प्रति रोपनी वार्षिक | २०००० | | | |

तारकेश्वर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तबरले बहाल लगाएकोमा बहाल रकममा देहाय बमोजिम बहालकर संकलन गरिनेछः

(१) करदाताले आफुले बहालमा लगाएको बहाल रकम स्वंय घोषणा गर्न सक्नेछ।

(२) करदाताले घोषणा गरेको बहालकरको दर माथि उल्लेख भए भन्दा कम दररेट पेश भएमा माथि उल्लेख भए बमोजिम न्यूनतम् भाडादर मानी बहालकर निर्धारण गरिनेछ।

(३) कुनै पनि व्यावसायीहरुले आफ्नो व्यवासाय रहेको घर, कोठाको बहालकर भुक्तानी गर्दा निजको व्यवसाय, फर्म, कम्पनी वा सो सँग सम्बन्धित अन्य जुनकुनै भएतापनि सो को भने अडिट गर्दाका वखत देखाईएको १० प्रतिशत बहालकर नै कायम हुनेछ र सोही बमोजिम बहालकर चुक्ता गर्नुपर्नेछ।

**अनुसूची - ५**

**(दफा ५ सँग सम्बन्धित)**

**व्यवसाय करका दररेटहरु**

| सि.नं. | व्यवसाय, सेवा | दर्ता दस्तुर | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| | ***(क) व्यापारिक वस्तु कर*** | | | |
| १ | खुद्रा किराना पसल | ५००।०० | ३७५।०० | |
| २ | किराना पसल मदिरा सहित | १,०००।०० | ७५०।०० | |
| ३ | किराना पसल ग्यास सहित | १,०००।०० | ७५०।०० | |
| ४ | किराना पसल ग्यास, मदिरा समेत | १,५००।०० | १,१२५।०० | |
| ५ | किराना होलसेल | १,५००।०० | १,१२५।०० | |
| ६ | ग्यास डिपो | १,५००।०० | १,१२५।०० | |
| ७ | सुपर मार्केट, सपिङ्ग सेन्टर | ६,०००।०० | ४,५००।०० | |
| ८ | किराना पसल (स्टेशनरी समेत) | ७०० | ५२५ | |
| ९ | किराना पसल तरकारी समेत | १००० | ७५० | |
| १० | किराना पसल मासु समेत | १५०० | ११२५ | |
| ११ | किराना पसल डेरी समेत | १००० | ७५० | |
| १२ | किराना पसल पानीको जार समेत | १००० | ७५० | |
| १३ | किराना पसल र पान पसल समेत | १५०० | ११२५ | |
| १४ | किराना पसल र बेकी पसल समेत | १५०० | ११२५ | |
| १५ | ग्यास तथा भाडा पसल | १५०० | ११२५ | |
| १६ | डेरी पसल चिया पसल समेत | १५०० | ११२५ | |
| १७ | किराना पसल फलफुल पसल समेत | १५०० | ११२५ | |
| १८ | किराना पसल फलफुल पसल समेत | १५०० | ११२५ | |
| १९ | लुगा सिउने टेलर्स, कपडा पसल र सिरक पसल समेत | १००० | ७५० | |
| २० | गिफ्ट शप र स्टेशनरी पसल समेत | १५०० | ११२५ | |
| २१ | चस्मा पसल र आँखा क्लिनिक समेत | १००० | ७५० | |
| २२ | सिसा पसल र प्लाईहाउस तथा प्लाईउड समेत | १५०० | ११२५ | |
| २३ | मासु तथा तरकारी पसल समेत | १५०० | ११२५ | |

| | | | | |
|---|---|---|---|---|
| २४ | जुत्ता पसल र रेडिमेड कपडा विक्री पसल समेत | १००० | ७५० | |
| २५ | कस्मेटिक र रेडिमेड कपडा विक्री पसल | १००० | ७५० | |
| २६ | स्पोट हाउस | १००० | ७५०।०० | |
| २७ | डिपार्टमेन्टल स्टोर | ४,०००।०० | ३,०००।०० | |
| २८ | मार्ट, मिनी मार्ट | २,०००।०० | १,५००।०० | |
| २९ | मदिरा डिलर वितरक | ६,०००।०० | ४,५००।०० | |
| ३० | मदिरा खुद्रा पसल | २,०००।०० | १,५००।०० | |
| ३१ | पान पसल | १,०००।०० | ७५०।०० | |
| ३२ | सुर्तीजन्य पदार्थ आयातकर्ता तथा डिलर वितरक | ६,०००।०० | ४,५००।०० | |
| ३३ | वेकरी पसल | १,०००।०० | ७५०।०० | |
| ३४ | वेकरी पसल (उत्पादन समेत साथै क्याफे समेत) | १,५००।०० | १,१२५।०० | |
| ३५ | डेरी | १,५००।०० | १,१२५।०० | |
| ३६ | चिया, खाजा तथा नास्ता पसल | १,०००।०० | ७५०।०० | |
| ३७ | फलफुल तथा जुस पसल | १,०००।०० | ७५०।०० | |
| ३८ | तरकारी पसल | ५००।०० | ३७५।०० | |
| ३९ | फलफुल, जुस तथा तरकारी संयुक्त | १,५००।०० | १,१२५।०० | |
| ४० | मिठाई पसल ठुला किसिमका | २,०००।०० | १,५००।०० | |
| ४१ | मिठाई पसल तथा चिया घर साना खालका | १,०००।०० | ७५०।०० | |
| ४२ | मासु पसल (राँगा, बंगुर) | १,०००।०० | ७५०।०० | |
| ४३ | मासु पसल (कुखुरा तथा अन्य पंक्षीजन्य) | १,०००।०० | ७५०।०० | |
| ४४ | मासु पसल (खसी तथा कुखुरा तथा अन्य) | २,०००।०० | १,५००।०० | |
| ४५ | माछा पसल | १,०००।०० | ७५०।०० | |
| ४६ | एग हाउस | १,०००।०० | ७५०।०० | |
| ४७ | पेय पदार्थ डिलर तथा होलसेलर | २,०००।०० | १,५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | (मदिरा बाहेक) | | | |
| ४८ | थानको कपडा तथा कुर्ता सुरुवाल समेत बिक्री पसल | १,५००।०० | १,१२५।०० | |
| ४९ | ब्ल्यांकेट, सिरक, डस्ना लगायतका सामग्री विक्री पसल | १,५००।०० | १,१२५।०० | |
| ५० | फेन्सी, पस्मिना, ढाका, कुर्ता सुरुवाल, साडी पसल | १,०००।०० | ७५०।०० | |
| ५१ | व्याग पसल | १,०००।०० | ७५०।०० | |
| ५२ | सटिङ सुटिङ तथा बुटिक सम्बन्धी | २,०००।०० | १,५००।०० | |
| ५३ | जुत्ता चप्पल, स्याण्डल पसल (बिक्रि मात्र) | १,०००।०० | ७५०।०० | |
| ५४ | लुगा सिलाउने टेलर्स तथा जुत्ता सिलाउने पसल | ५००।०० | ३७५।०० | |
| ५५ | गिफ्ट सप<br>र | १,०००।०० | ७५०।०० | |
| ५६ | श्रृंगार, कस्मेटिक, चुरा पोते रिबन पसल (थोक) | १,५००।०० | १,१२५।०० | |
| ५७ | श्रृंगार, कस्मेटिक, चुरा पोते रिबन पसल ( खुद्रा) | १,०००।०० | ७५०।०० | |
| ५८ | हस्तकला तथा क्युरियो पसल | १,०००।०० | ७५०।०० | |
| ५९ | मूर्ति वेच्ने पसल | १,०००।०० | ७५०।०० | |
| ६० | पेन्टिङ्ग (चित्र) सम्बन्धी, थान्का सामग्री पसल | १,०००।०० | ७५०।०० | |
| ६१ | सुनचांदी, हिरामोती र पत्थरका सामग्री पसल | २,५००।०० | १,८७५।०० | |
| ६२ | फोटो स्टुडियो | ५००।०० | ३७५।०० | |
| ६३ | फोटो स्टुडियो कलर ल्याब सहितको | १,५००।०० | १,१२५।०० | |
| ६४ | कलर ल्याब | १,०००।०० | ७५०।०० | |
| ६५ | पुस्तक तथा स्टेशनरी सामान बिक्री पसल (थोक) | १,५००।०० | १,१२५।०० | |
| ६६ | पुस्तक तथा स्टेशनरी सामान बिक्री पसल (खुद्रा) | १,०००।०० | ७५०।०० | |
| ६७ | स्पोर्ट हाउस, म्युजिक शप | १,०००।०० | ७५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ६८ | चस्मा पसल | ५००।०० | ३७५।०० | |
| ६९ | सि.डी. पसल | १,०००।०० | ७५०।०० | |
| ७० | सिसा पसल | १,०००।०० | ७५०।०० | |
| ७१ | भाडा पसल ५ लाख सम्म लगानी भएको | १,०००।०० | ७५०।०० | |
| ७२ | भाडा पसल ५ लाख भन्दा माथि लगानी भएको | १,५००।०० | १,१२५।०० | |
| ७३ | फर्निचर तथा फर्निसिंग (ठुलो, सोरुम समेत) | ५,०००।०० | ३,७५०।०० | |
| ७४ | फर्निचर (काठबाट बनेका फर्निचर सम्बन्धी विविध किसिमका सामग्री विक्री), फर्निसिंग (कार्पेट, पर्दा लगायत) मध्ये जुनकुनै एक भए तापनि | २,०००।०० | १,५००।०० | |
| ७५ | स्टिलजन्य सामग्री तथा स्टिल दराज मर्मत तथा निर्माण तयारी बिक्री पसल | १,५००।०० | १,१२५।०० | |
| ७६ | वेल्डिंग तथा ग्रील पसल | १,५००।०० | १,१२५।०० | |
| ७७ | स्टील ट्रस, आल्मोनियम लगायतका सामग्री निर्माण तथा बिक्री पसल | १,५००।०० | १,१२५।०० | |
| ७८ | प्रि फ्याब लगायतका निर्माण सामग्री बिक्री पसल | १,५००।०० | १,१२५।०० | |
| ७९ | सिमेन्ट पसल (थोक) | ३,०००।०० | २,२५०।०० | |
| ८० | सिमेन्ट पसल (खुद्रा) | २,०००।०० | १,५००।०० | |
| ८१ | हार्डवेयर पसल | २,०००।०० | १,५००।०० | |
| ८२ | हार्डवेयर पसल सिमेन्ट सहित | ४,०००।०० | ३,०००।०० | |
| ८३ | रंङ रोगन सहितको हार्डवेयर पसल | ४,०००।०० | ३,०००।०० | |
| ८४ | रंङ रोगन पसल | २,०००।०० | १,५००।०० | |
| ८५ | टायल, मार्वल लगायतका सामग्री बिक्री पसल | २,०००।०० | १,५००।०० | |
| ८६ | निर्माण सामग्री (ईट्टा, रोडा, ढुंगा तथा वालुवा विक्री डिपो) | ५,०००।०० | ३,७५०।०० | जग्गा भाडामा हो भने भाडाकर तिरेको प्रमाण पेश गर्नुपर्ने |
| ८७ | निर्माण सामग्री (ईट्टा, रोडा, ढुंगा तथा | २,०००।०० | १,५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | वालुवा विक्री डिपो) सम्पर्क कार्यालय (स्टक नराखेको हकमा मात्र | | | |
| ८८ | बिजुलीका सामान बिक्री गर्ने पसल (थोक) | २,०००।०० | १,५००।०० | |
| ८९ | बिजुलीका सामान बिक्री गर्ने पसल (खुद्रा) | १,५००।०० | १,१२५।०० | |
| ९० | टि.भी., वासिंग मेशिन, फ्रिज, फोटोकपी मेशिन लगायतका सामग्री बिक्री पसल (विभिन्न कम्पनीहरुका सोरुम, पसल) | ३,०००।०० | २,२५०।०० | |
| ९१ | कम्प्युटर, मोबाईल बिक्री तथा मर्मत केन्द्र | १,५००।०० | १,१२५।०० | |
| ९२ | सोलार इन्भर्टर पसल | १,५००।०० | १,१२५।०० | |
| ९३ | अटोमोबाईल वर्कशप, (हेभी भेईकल, ट्रक, लरी, चार पांग्रे भन्दा माथिका सवारी साधनहरुको मर्मत तथा बडी निर्माण) | ३,०००।०० | २,२५०।०० | |
| ९४ | मोटर (चार पांग्रे) शोरुम | १०,०००।०० | ७,५००।०० | |
| ९५ | मोटर (चार पांग्रे) रिकन्डिसन खरिद विक्री | ६,०००।०० | ४,५००।०० | |
| ९६ | मोटर (चार पांग्रे) पार्टस बिक्री केन्द्र | ४,०००।०० | ३,०००।०० | |
| ९७ | मोटर (चार पांग्रे) ग्यारेज, सर्भिसंग सेन्टर | २,०००।०० | १,५००।०० | |
| ९८ | चार पांग्रे भन्दा माथिको गाडी मर्मत गर्ने तथा बडी बनाउने सेन्टर | ८,०००।०० | ६,०००।०० | |
| ९९ | मोटरसाइकल (दुई पांग्रे) शोरुम | ४,०००।०० | ३,०००।०० | |
| १०० | मोटरसाईकल (दुई पांग्रे) रिकन्डिसन खरिद विक्री | २,०००।०० | १,५००।०० | |
| १०१ | मोटरसाइकल (दुई पांग्रे) पार्टस, बडी बनाउने बिक्री केन्द्र | २,०००।०० | १,५००।०० | |
| १०२ | मोटरसाइकल (दुई पांग्रे) सर्भिसंग सेन्टर | १,०००।०० | ७५०।०० | |
| १०३ | साईकल (सोरुम) | १,५००।०० | १,१२५।०० | |

| | | | | |
|---|---|---|---|---|
| १०४ | साईकल मर्मत | ५००।०० | ३७५।०० | |
| १०५ | मेशीनरी सामान तथा पार्टस बिक्री पसल | १,५००।०० | १,१२५।०० | |
| १०६ | मेशीनरी सामान मर्मत पसल | १,०००।०० | ७५०।०० | |
| १०७ | पेट्रोल/डिजेल पम्प | १०,०००।०० | ७,५००।०० | |
| १०८ | माछा एकुरियम पसल | १,०००।०० | ७५०।०० | |
| १०९ | लुगा सिउने मेशिन बिक्री गर्ने पसल | १,०००।०० | ७५०।०० | |
| ११० | माटोको भाडा वेच्ने पसल | ५००।०० | ३७५।०० | |
| १११ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(ख) विशेषज्ञ सेवा परामर्श सेवा तथा अन्य व्यावसाय सेवा*** | | | |
| १ | अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी) सल्लाहकार संस्था (विदेशी) | १०,०००।०० | ७,५००।०० | |
| २ | अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी) सल्लाहकार संस्था (स्वदेशी) | ५,०००।०० | ३,७५०।०० | |
| ३ | ज्योतिष परामर्श सेवा | १,०००।०० | ७५०।०० | |
| ४ | ईन्जिनियर (ईन्जिनियरिंग कार्य गर्ने सम्बन्धी सम्पूर्ण) को कन्सल्टेन्सी फर्म | ५,०००।०० | ३,७५०।०० | |
| ५ | मनोपरामर्श संस्था | २०००।०० | १५००।०० | |
| ६ | कानुन, व्यावसायको ल फर्म अनुवादक, नोटरी पब्लिक | ३,०००।०० | २,२५०।०० | |
| ७ | लेखापरीक्षण फर्म | २,०००।०० | १,५००।०० | |
| ८ | लेखापढी फर्म | १,५००।०० | १,१२५।०० | |
| ९ | कम्प्युटर एनालिष्ट एण्ड प्रोग्रामर | २,०००।०० | १,५००।०० | |
| १० | चिकित्सकको क्लिनिक | २,०००।०० | १,५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | पशु, कृषि (भेटनरी) चिकित्सकको क्लिनिक | १,०००।०० | ७५०।०० | |
| १२ | शेयर ब्रोकरको फर्म | २,०००।०० | १,५००।०० | |
| १३ | बस सेवा सञ्चालन गर्ने कम्पनी | ५,०००।०० | ३,७५०।०० | |
| १४ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(ग) उत्पादनमुलक व्यावसाय*** | | | |
| १ | हलुका पेय पदार्थ उद्योग (कोकाकोला, पेप्सी कोला, फ्रुटी आदि) | १०,०००।०० | ७,५००।०० | घरेलुमा दर्ता भएका |
| २ | डिष्टीलरी उद्योग | १५,०००।०० | ११,२५०।०० | |
| ३ | आईसक्रिम उद्योग ठुलो (३ किलोवाट भन्दा माथि) | ५,०००।०० | ३,७५०।०० | |
| ४ | आईसक्रिम/कुल्फी उद्योग ठुलो (३ किलोवाट भन्दा सम्म) | ३,०००।०० | २,२५०।०० | |
| ५ | बिस्कुट, पाउरोटी उद्योग | ५,०००।०० | ३,७५०।०० | |
| ६ | डेरी उद्योग | ८,०००।०० | ६,०००।०० | |
| ७ | जुत्ता चप्पल उद्योग, कारखाना | १०,०००।०० | ७,५००।०० | |
| ८ | व्याग, बेल्ट आदि उत्पादन उद्योग | ७,०००।०० | ५,२५०।०० | |
| ९ | तयारी पोशाक उत्पादन गर्ने व्यवस्था (गारमेन्ट) ठुला - पुजीका आधारमा | ५००० | ३७५०।०० | |
| १० | तयारी पोशाक उत्पादन गर्ने व्यवस्था (गारमेन्ट) साना - पुजीका आधारमा | २५०० | १८७५।०० | |
| ११ | ग्रील उद्योग (साना तथा ठूला समेत) | २००० | १५००।०० | |
| १२ | कपडा पेल्ने उद्योग (पुराना कपडाबाट कपास तयार गर्ने) | ५००० | ३७५०।०० | |
| १३ | मिनिरल वाटर उद्योग/पानी प्रशोधन केन्द्र | ८,०००।०० | ६,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | कार्पेट, गलैंचा उद्योग | ७,०००।०० | ५,२५०।०० | |
| १५ | पश्मिना उद्योग | ४,०००।०० | ३,०००।०० | |
| १६ | ढाका तथा अल्लो उद्योग | ३,०००।०० | २,२५०।०० | |
| १७ | कुनै एक प्रकृतिको पिसानी मिल भएमा प्रति मिल (जस्तैः धान, तेल मिल) | १,५००।०० | १,१२५।०० | सो मा अन्य प्रकृतिका थप भएमा प्रति मिल रकम रू. १,०००।०० |
| १८ | मसला मिल | ३,०००।०० | २,२५०।०० | |
| १९ | प्लाष्टिक तथा पाईप कारखाना/उद्योग | २०,०००।०० | १५,०००।०० | |
| २० | प्लाष्टिकको बोतल वा झोला बनाउने उद्योग | १०,०००।०० | ७,५००।०० | |
| २१ | हर्पिक, कुलिन लगायतका सामान बनाउने उद्योग | १०,०००।०० | ७,५००।०० | |
| २२ | खाद्यान्न उद्योग | ८,०००।०० | ६,०००।०० | |
| २३ | दाना कारखाना फिड | ८,०००।०० | ६,०००।०० | |
| २४ | नेपाली कागज कारखाना | २,०००।०० | १,५००।०० | |
| २५ | अन्य घरेलु तथा साना उद्योग | २,०००।०० | १,५००।०० | |
| २६ | सिसाको चिलिम उद्योग | ८,०००।०० | ६,०००।०० | |
| २७ | फलामे औजार उत्पादन घरेलु | ५००।०० | ३७५।०० | |
| २८ | अस्फाल्ट प्लान्ट, ह्युम पाईप, सिमेन्ट रेडिमेक्स प्लान्ट, वालुवा वासिंग | ८,०००।०० | ६,०००।०० | |
| २९ | औषधी पसल, भेटेनरी औषधी, सर्जिकल ईक्युपमेन्ट पल उत्पादन उद्योग | ७,०००।०० | ५,२५०।०० | |
| ३० | कंक्रिट उद्योग (ब्लक, रिंग बनाउने) | ३,०००।०० | २,२५०।०० | जग्गा भाडामा हो भने भाडाकर तिरेको प्रमाण पेश गर्नुपर्ने |
| ३१ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | |
|---|---|
| | ***(घ) कृषि तथा वन्यजन्तु*** |

| | | | | |
|---|---|---|---|---|
| १ | साना कृषि फर्म (फूल, तरकारी, च्याउ, फलफूल) | ५००।०० | ३७५।०० | |
| २ | ठूलो कृषि फर्म (सेड हाउस, टनेल, ग्रीन हाउस) | १,०००।०० | ७५०।०० | |
| ३ | गाई, भैसीं फर्म | ५००।०० | ३७५।०० | |
| ४ | भेडा बाख्रा फर्म | ५००।०० | ३७५।०० | |
| ५ | कुखुरा, हाँस फार्म (५०० भन्दा मुनिका संख्या भएमा) | १,०००।०० | ७५०।०० | |
| ६ | कुखुरा, हाँस फार्म (५०० भन्दा माथिका संख्या भएमा) | २,०००।०० | १,५००।०० | |
| ७ | टर्की तथा अन्य पंक्षीजन्य (५०० भन्दा मुनिका संख्या भएमा) | १,५००।०० | १,१२५।०० | |
| ८ | टर्की तथा अन्य पंक्षीजन्य (५०० भन्दा माथिका संख्या भएमा) | २,५००।०० | १,८७५।०० | |
| ९ | बंगुर फर्म | १,५००।०० | १,१२५।०० | |
| १० | माछा फर्म | १,५००।०० | १,१२५।०० | |
| ११ | ह्याचरी फर्म | ५,०००।०० | ३,७५०।०० | |
| १२ | काठको सः मिल | ६,०००।०० | ४,५००।०० | |
| १३ | सबै प्रकारका फर्निचर उद्योग | ५,०००।०० | ३,७५०।०० | |
| १४ | झ्याल ढोका कार्भिंग उद्योग | ४,०००।०० | ३,०००।०० | |
| १५ | वेत, बाँस फर्निचर उद्योग | २,०००।०० | १,५००।०० | |
| १६ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(ङ) पर्यटन व्यावसाय*** | | | |
| १ | ट्राभल एजेन्सी | ३,०००।०० | २,२५०।०० | |
| २ | ट्रेकिंग एजेन्सी | ४,०००।०० | ३,०००।०० | |
| ३ | क्याफे, फास्टफुड | १,५००।०० | १,१२५।०० | |
| ४ | होम स्टे | ५००।०० | ३७५।०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | होटल व्यावसाय (साना किसिमका, खाना, खाजा, चिया लगायतका), तन्दुरी | १,५००।०० | १,१२५।०० | |
| ६ | होटल व्यावसाय (मदिरा समेत) | २,५००।०० | १,८७५।०० | |
| ७ | होटल व्यावसाय (आवास सहितको), रिसोर्ट व्यवासाय | ५,०००।०० | ३,७५०।०० | |
| ८ | गेष्ट हाउस एण्ड लज | ४,०००।०० | ३,०००।०० | |
| ९ | रेष्टुरेन्ट एण्ड बार (डान्स, दोहोरी बाहेक) | ३,०००।०० | २,२५०।०० | |
| १० | रेष्टुरेन्ट एण्ड बार (डान्स, दोहोरी समेत) | ४,०००।०० | ३,०००।०० | |
| ११ | क्यासिनो | ५,०००।०० | ३,७५०।०० | |
| १२ | डिस्को, थेक नाईट | ५,०००।०० | ३,७५०।०० | |
| १३ | स्विमिंग पुल | ३,०००।०० | २,२५०।०० | |
| १४ | वाटर पार्क | ४,०००।०० | ३,०००।०० | |
| १५ | चिल्ड्रेन पार्क | २,०००।०० | १,५००।०० | |
| १६ | मसाज पार्लर, स्पा, ज्याकुजी, सौना वाथ | २,०००।०० | १,५००।०० | |
| १७ | रिक्रियसन खेल (फुटसल) | ८,०००।०० | ६,०००।०० | |
| १८ | रिक्रियसन खेल (गल्फकोर्स, अश्वारोहण, स्किइङ, ग्लाईडिंग, प्यारा ग्लाईडिंग, पोलो, लन, टेनिस, ब्याडमिन्टन कभर्ड हल आदि) | २,५००।०० | १,८७५।०० | |
| १९ | पुल तथा स्नूकर हाउस | २,५००।०० | १,८७५।०० | |
| २० | निर्यात व्यावसाय हस्तकला | २,०००।०० | १,५००।०० | |
| २१ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(च) सेवा व्यावसाय*** | | | |
| १ | सीत भण्डार (कोल्डस्टोर) फ्रेस हाउस | २,०००।०० | १,५००।०० | |
| २ | रेकर्डिङ स्टुडियो | १,५००।०० | १,१२५।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | बडी बिल्डिंग फिटनेश हाउस तथा जुम्बा हाउस, डान्स, संगीत प्रशिक्षण केन्द्र | १,५००।०० | १,१२५।०० | |
| ४ | सुरक्षा सम्बन्धी तालिम, प्रशिक्षण केन्द्र | २,५००।०० | १,८७५।०० | |
| ५ | योग, ध्यान केन्द्र | १,०००।०० | ७५०।०० | |
| ६ | पुनस्थापना केन्द्र | २,०००।०० | १,५००।०० | |
| ७ | सेक्यूरिटी सर्भिस | ५,०००।०० | ३,७५०।०० | |
| ८ | यातायात ट्रान्सपोर्ट अफिस | ५,०००।०० | ३,७५०।०० | |
| ९ | मोटर ड्राइभिंग सेन्टर | ३,०००।०० | २,२५०।०० | |
| १० | रियल स्टेट व्यवसाय | ५,०००।०० | ३,७५०।०० | |
| ११ | लौण्ड्री/ड्राई क्लिनर्स पसल | १,०००।०० | ७५०।०० | |
| १२ | कार्पेट वासिंग | १,०००।०० | ७५०।०० | |
| १३ | वैदेशिक रोजगार म्यानपावर | ५,०००।०० | ३,७५०।०० | |
| १४ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |
| | | | | |
| | ***(छ) सूचना तथा सञ्चार सेवा व्यावसाय*** | | | |
| १ | कम्यूनिकेशन, साइबर क्याफे | १,०००।०० | ७५०।०० | |
| २ | आईटी सफ्टवेयर डिजाईन निर्माण | १५०० | ११२५ | |
| ३ | केबल नेटवर्क | १०,०००।०० | ७,५००।०० | |
| ४ | टेलिफोन टावर स्वीकृति | १०,०००।०० | ७,५००।०० | |
| ५ | छापाखाना | २,०००।०० | १,५००।०० | |
| ६ | कुरियर सेवा | २,०००।०० | १,५००।०० | |
| ७ | राष्ट्रिय पत्रिका | २,०००।०० | १,५००।०० | |
| ८ | स्थानीय पत्रपत्रिका, अनलाईन खवर | १,०००।०० | ७५०।०० | |
| ९ | एफ एम स्टेशन | १,५००।०० | १,१२५।०० | |
| १० | ठुलो सिनेमा वा चलचित्र सुटिङ्ग प्रतिदिन | ७००।०० | | विदेशीको हकमा ५० प्रतिशत थप |

| | | | | |
|---|---|---|---|---|
| ११ | टेलिसिरियल वा टेलि चलचित्र प्रतिदिन | ४००।०० | | लाग्नेछ। |
| १२ | म्युजिक भिडियो वा वृत्तचित्र प्रतिदिन | ३००।०० | | |
| १३ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(ज) वित्तीय सेवा व्यवासाय*** | | | |
| १ | वैंक प्रति शाखा | | | |
| २ | "क" वर्ग | १०,०००।०० | ७,५००।०० | |
| ३ | "ख" वर्ग | ७,०००।०० | ५,२५०।०० | |
| ४ | "ग" वर्ग | ५,०००।०० | ३,७५०।०० | |
| ५ | बैंक तथा अन्य वित्तीय संस्थाको प्रति विस्तारित काउन्टर प्रति शाखामा लागेको दस्तुरको ५० प्रतिशतले हुने रकम | | | |
| ६ | वित्तिय संस्था, बचत तथा ऋण सहकारी वा बहुउद्धेश्यीय | ५,०००।०० | ३,७५०।०० | |
| ७ | कृषि तथा अन्य सहकारी संस्था | १,०००।०० | ७५०।०० | |
| ८ | महिलाहरू मात्रै सहभागी भएको सहकारी संस्था | १,०००।०० | ७५०।०० | |
| ९ | सहकारी सस्थाको शाखा कार्यालय, सम्पर्क कार्यालय | १,०००।०० | ७५०।०० | |
| १० | प्रदेश स्तरीय सहकारी संस्था सिफारिस तथा अन्य | ५०० | | |
| ११ | सहकारी विधान संशोधन | १००० | | |
| १२ | सहकारी अन्य विविध सिफारिस | ५०० | | |
| १३ | कृषि तथा महिला सहकारी संस्था | ५०० | | |
| १४ | बीमा कम्पनी | २,०००।०० | १,५००।०० | |
| १५ | मनी एक्सचेन्जर कम्पनी | १,५००।०० | १,१२५।०० | |
| १६ | आईएमई | १,५००।०० | १,१२५।०० | |
| १७ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(झ) स्वास्थ्य (निजी क्षेत्रद्धारा सञ्चालित)*** | | | |
| १ | क्लिनिक तथा फार्मेसी (ल्याबसहित) | २,०००।०० | १,५००।०० | |
| २ | क्लिनिक तथा फार्मेसी | १,५००।०० | १,१२५।०० | |
| ३ | क्लिनिक | १,०००।०० | ७५०।०० | |
| ४ | फार्मेसी | १,०००।०० | ७५०।०० | |
| ५ | नर्सिंग होम | ५,०००।०० | ३,७५०।०० | |
| ६ | निजी क्षेत्रद्धारा सञ्चालित अस्पताल तथा रिसर्च सेन्टर | ७,०००।०० | ५,२५०।०० | |
| ७ | फिजियो थेरापी तथा अकुपञ्चर | १,०००।०० | ७५०।०० | |
| ८ | कविराजको क्लिनिक, वैधको औषधालय, पतञ्जलि औषधालय | १,०००।०० | ७५०।०० | |
| ९ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(ञ) शिक्षा तथा तालिम व्यावसाय (निजी क्षेत्रद्धारा सञ्चालित)*** | | | |
| १ | इन्स्टिच्युट, ट्यूसन सेन्टर, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र, ब्रिजकोष सञ्चालन केन्द्र, वैदेशिक रोजगार, शिक्षा र सो सम्बन्धी परामर्श सेवा | १,५००।०० | १,१२५।०० | |
| २ | वैदेशिक शिक्षा कन्सल्टेन्सी | १,०००।०० | ७५०।०० | |
| ३ | शिशु स्याहार केन्द्र | २,०००।०० | १,५००।०० | |
| ४ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(ट) अन्य व्यावसाय*** | | | |
| १ | पार्टी प्यालेस, भेन्यु, कन्भेन्सन हल | ५,०००।०० | ३,७५०।०० | |
| २ | ईभेन्ट म्यानेजमेन्ट | ५००० | ३७५० | |
| ३ | क्याटरिंग तथा रेन्टल सेवा | १,०००।०० | ७५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | फुल, विरुवा विक्रेता (नर्सरी) | १०००।०० | ७५०।०० | |
| ५ | कवाडी | २,५००।०० | १,८७५।०० | |
| ६ | सरसफाई सेवा व्यावसाय | १०,०००।०० | ७,५००।०० | |
| ७ | होस्टेल (५० जनासम्म) | २,५००।०० | १,८७५।०० | |
| ८ | होस्टेल (५० जना भन्दा बढी) | ५,०००।०० | ३,७५०।०० | |
| ९ | धर्मशाला | १,०००।०० | ७५०।०० | |
| १० | विज्ञापन सेवा एजेन्सी | २,०००।०० | १,५००।०० | |
| ११ | व्युटीपार्लर | १,०००।०० | ७५०।०० | |
| १२ | कपाल काट्ने सैलुन | १,०००।०० | ७५०।०० | |
| १३ | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |

| | | | | |
|---|---|---|---|---|
| | ***(ठ) निर्माण व्यावसाय*** | | | |
| १ | निर्माण व्यवसाय | | | |
| २ | क वर्ग, | ६,०००।०० | ४,५००।०० | |
| ३ | ख वर्ग, | ५,०००।०० | ३,७५०।०० | |
| ४ | ग वर्ग, | ३,०००।०० | २,२५०।०० | |
| ५ | घ वर्ग, | २,०००।०० | १,५००।०० | |
| ६ | शाखा कार्यालय भएमा माथि उल्लेखित भएको रकमको ४० प्रतिशतले आउने रकम | | | |
| ७ | खानी सिफारिस | १०,०००।०० | ७,५००।०० | |
| ८ | हाउजिंग कम्पनी , अपार्टमेन्ट | १०,०००।०० | ७,५००।०० | |
| ९ | सिनेमा हल | १०,०००।०० | ७,५००।०० | |
| १० | माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा | १००० देखि २५००० सम्म | नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने | |
| माथि उल्लेख नभएका (घरेलु तथा कम्पनी रजिष्टारको कार्यालयमा समेत दर्ता भएका र पुँजी तोकिएका) एवं पुँजी तोकी दर्ता गर्ने व्यावासायका हकमा | | | | |
| १ | १ लाख सम्म पुँजी भएको रकम रू. ५००।०० | | | |
| २ | ५ लाख सम्म पुँजी भएको रकम रू. १,०००।०० | | | |

| | |
|---|---|
| ३ | १० लाख सम्म पुँजी भएको रकम रू. २,०००।०० |
| ४ | २५ लाख सम्म पुँजी भएको रकम रू. ३,०००।०० |
| ५ | ५० लाख सम्म पुँजी भएको रकम रू. ४,०००।०० |
| ६ | १ करोड सम्म पुंजी भएको रकम रू. ५,०००।०० |
| ७ | २ करोड सम्म पुँजी भएको रकम रू. १०,०००।०० |
| ८ | ४ करोड सम्म पुँजी भएको रकम रू. १५,०००।०० |
| ९ | ५ करोड सम्म पुँजी भएको रकम रू. २०,०००।०० |
| १० | ५ करोड भन्दा माथि पुँजी भएको रकम रू. २५,०००।०० |

ख) व्यवसाय कर असुली प्रकृयालाई सरल, सहज र पारदर्शी बनाई करको दायरा बृद्धि गर्ने नीति अनुरुप आ.ब. २०७२/०७३ लाई आधार वर्ष मानिने छ।

ग) वक्यौतामा जरिवाना प्रति वर्ष पाँच प्रतिशतका दरले बढीमा पचास प्रतिशतसम्म लाग्नेछ।

घ) नविकरण दस्तुर दर्ता दस्तुरको ७५ (पचहत्तर) प्रतिशतले हुने रकम लाग्नेछ।

ङ) माथि उल्लेखित भन्दा अन्य प्रकृतिका व्यावसायको हकमा घरेलु तथा कम्पनी रजिष्टाको कार्यालयमा समेत दर्ता भएको कागजात पेश भएमा सोमा उल्लेख भए बमोजिमकै पुँजीका आधारमा र नभएमा निवेदकले पुँजी तोकी पेश गरेको आधारमा तोकिए बमोजिमको रकम असुल गरिने।

# अनुसूची - ६

**(दफा ६ सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरु**

| क्र.स. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |

यस सम्बन्धी ब्यबस्था तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूची - ७

**(दफा ७ सँग सम्बन्धित)**

**<u>सवारी साधन कर</u>**

| क्र.स. | सवारी साधनको विवरण | दर |
|---|---|---|
| | | |
| | | |

यस सम्बन्धी ब्यवस्था बागमती प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**अनुसूची - ८**

**(दफा ८ सँग सम्बन्धित)**

**विज्ञापन कर**

**क) कुनै पनि ब्यक्ति, संस्था, कम्पनी, फर्मले आफ्नो सेवा वा बस्तुको बिक्री प्रयोजनको लागि**

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | फ्लेक्सबाट तयार पारिएको विज्ञापन प्रचार सामग्रीको प्रतिवर्ष प्रति वर्गफुट | १००।०० |
| २ | होर्डिंग बोर्ड, नियोन साईन, ग्लो साईन र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रतिवर्गफुट | ३००।०० |
| ३ | डिजिटल बोर्डमा गरिने विज्ञापन प्रचार प्रसार सामग्रीको प्रति वर्ग फुट | २००।०० |
| ४ | मालवाहक सवारी साधनको दायावाया पट्टिको भागमा अधिकतम दश स्क्वायर फुट सम्मको लागि प्रतिदिन रु. २०० र स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार प्रसार सामग्रीको प्रति वर्ग फुट | १००।०० |
| ५ | खेलकुद मैदान मेला जात्रा पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार प्रसार सामग्रीको अधिकतम १५ दिन सम्म प्रति स्क्वायर फुट | ३००।०० |
| ६ | सवारी साधनको छत अधिकतम ३ फुट उचाई मात्र, २ पांग्रा वीचको भाग, पछाडिको सिसा सिसाको जम्मा भाग मध्येको अधिकतम ५० प्रतिशत सम्म मात्र मुख्य माथि पट्टि भेन्टिलेशनमा विज्ञापन प्रचार प्रसार  सामग्रीको प्रतिवर्गफुट | १००।०० |
| ७ | आकाशमा बेलुन वा बेलन बोकेर गरिने विज्ञापन प्रतिदिन | २००।०० |
| ८ | अन्यको हकमा प्रतिवर्गफुट प्रचार प्रसारसामग्रीको प्रतिवर्गफुट प्रतिवर्ष | ३००।०० |
| ९ | माथिको वर्गिकरणमा समावेश नभएका सेवा व्यवसायको कारोबार र स्तर हेरी वार्षिक | ५००।०० र १०००।०० |

खोलिएका कार्यालय, पसल ब्यबसायको पहिचान वा परिचयको लागि बढीमा १५ बर्ग फुटसम्मको एउटा मात्र परिचयपाटी (SIGN BOARD) राखेमा सोसम्म शत प्रतिशत छुट उपलब्ध गराइनेछ । तर एक भन्दा बढी वा १५ बर्ग फुट भन्दा ठूलो आकारको बोर्डमा माथि अनुसूची - ८ मा लेखिए बमोजिम हुनेछ ।

## अनुसूची - ९
### (दफा ९ सँग सम्बन्धित)
### मनोरञ्जन कर

| क्र.स. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |

यस सम्बन्धी ब्यबस्था बागमती प्रदेश सकारले तोके बमोजिम हुनेछ ।

**अनुसूची - १०**

**(दफा १० सँग सम्बन्धित)**

**बहाल विटौरी शुल्क**

| क्र.स. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |

यस सम्बन्धी ब्यबस्था तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची - ११
### (दफा ११ सँग सम्बन्धित)
### पार्किङ्ग शुल्क

| क्र.स. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |

यस सम्बन्धी ब्यबस्था तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## अनुसूची - १२
## (दफा १२ सँग सम्बन्धित)
## ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, जम्पिङ, जिपफ्लायर र्‍याफ्टिङ शुल्क

| क्र.स. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |

यस सम्बन्धी ब्यबस्था तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची - १३
**(दफा १३ सँग सम्बन्धित)**

# सेवा शुल्क, दस्तुर

| सि.नं. | सेवाको किसिम | आ व २०७७।०७८ को प्रस्तावित कर दररेट | | कैफियत |
|---|---|---|---|---|
| | | वर्ग क | वर्ग ख | |
| | | वडा नं. ४, ७, ८, ९, १०, ११ | वडा नं. १, २, ३, ५, ६ | |
| १ | निवेदन दर्ता शुल्क | १०।०० | | |
| २ | घर नक्सा निवेदन फराम शुल्क | १,०००।०० | | |
| ३ | टहरा फाराम शुल्क | २००।०० | | |
| ४ | आवसीय घर (नक्सापास) प्रति वर्गफुट | १२।०० | | |
| ५ | आवसीय घर (अभिलेखीकरण) प्रति वर्गफुट | १८।०० | | |
| ६ | व्यावसायिक (नक्सापासः मिश्रित व्यावसायिक घर प्रति वर्गफुट | २०।०० | | |
| ७ | व्यावसायिक घर तथा अर्पाटमेन्ट तथा अन्य ठुला बिल्डिङ्गहरु प्रति वर्गफुट | ३०।०० | | |
| ८ | व्यावसायिक घर (अभिलेखीकरण) प्रति वर्गफुट | ३०।०० | | |
| ९ | नक्सा नामसारी | | | |
| | क. आवसीय घरको हकमा प्रतिवर्गफुट | ५।०० | | |
| | ख. व्यावसायिक घरको हकमा प्रतिवर्गफुट | ८।०० | | |
| १० | नक्सा नामसारी तिनपुस्ते भित्र प्रति नक्सा | २,५००।०० | | |
| ११ | घरनक्सा संशोधन प्रति नक्सा | ३,०००।०० | | |
| १२ | नक्सा नविकरण प्रति वर्ग फुट | ५।०० | | |
| १३ | क. घर निर्माण सम्पन्न | ५,०००।०० | | |
| | ख. घर निर्माण सम्पन्न नामसारी | २,५००।०० | | |
| | ग. रेट्रोफिटिङ्ग प्रति घर | ५,०००।०० | | |
| १४ | क. टहरा स्वीकृती प्रति वर्ग फुट | ५।०० | | |
| | ख. टहरा स्वीकृती प्रति वर्ग फुट (व्यावसायिक) | १०।०० | | |
| | ग. स्टिल स्ट्रक्चर व्यावसायिक टहरा प्रमाणित | १५।०० | | |
| १५ | स्वीकृती नलिई घर निर्माण गरेमा | नक्सा स्विकृत नगरी घर निर्माण कार्य गरेमा थप १०० प्रतिशत विलम्ब | | |

| | | | | |
|---|---|---|---|---|
| | | शुल्क लाग्ने छ। | | |
| १६ | घर नक्सा सम्बन्धी प्रतिलिपि दस्तुर | १,०००।०० | | |
| १७ | क) जग्गा सम्याउने कार्य सिफारिस प्रति आना (आवासीय प्रयोजनार्थ, आवसीय रूपमा घडेरी सम्याउने कार्य) | ८ आना सम्मको हकमा प्रति आना ५००।०० र सो भन्दा माथि प्रति आना १,५००।०० | | धरौटीको सम्बन्धमा सो सम्बन्धी नगरपालिकाबाट जारी गरेको कार्यविधिमा तोकिए बमोजिम हुनेछ। |
| | ख) जग्गा, भुमि, प्लानिङ्ग प्रति रोपनी (ब्यबसायीक प्रयोजन) | ३२,०००।०० | | धरौटीको सम्बन्धमा सो सम्बन्धी नगरपालिकाबाट जारी गरेको कार्यविधिमा तोकिए बमोजिम हुनेछ। |
| १८ | उजुरी तथा मुद्धा दर्ता | २००।०० | | न्यायिक समिति प्रयोजनार्थ |
| १९ | मिलापत्र शुल्क | १,०००।०० | | आधाआधा |
| | मिलापत्र प्रतिलिपि शुल्क | १००।०० | | |
| २० | घर नम्बरिङ्ग शुल्क प्रतिघर | २००।०० | | |
| २१ | प्राविधिक, निरिक्षण शुल्क प्रति (नयाँ सबै किसिमका घरका नक्सा स्विकृत गर्दा र आवसीय टहरा बाहेकका टहराको नक्सा स्विकृत गर्दा समेत थप लाग्ने दस्तुर) | १,०००।०० | | |
| २२ | स्थलगत अमिन सेवा शुल्क | १,५००।०० | | |
| २३ | स्थलगत रेखांकन अमिन सेवा शुल्क प्रतिआना | १००।०० | | |
| २४ | एनजिओ दर्ता | ५,०००।०० | | |
| | एनजिओ नविकरण | २,५००।०० | | |
| २५ | आईएनजिओ दर्ता | १०,०००।०० | | |
| | आईएनजिओ नविकरण | ५,०००।०० | | |
| २६ | सेवामुलक संस्था दर्ता सिफारिस | १,०००।०० | | |
| | सेवामुलक संस्था नविकरण सिफारिस | ५००।०० | | |
| २७ | पेन्सन पट्टा सिफारिस : नेपाली | २००।०० | | |
| | भारतीय | ५,०००।०० | | |
| | अन्य | १,०००।०० | | |
| २८ | अंग्रेजीमा सिफारिस | ५००।०० | | |
| २९ | घरवाटो सिफारिस दस्तुरः प्रति आना | | | |
| | (क) पिच, ढलान सडक | ८५०।०० | ६००।०० | |
| | (ख) कच्ची मोटरवाटो | ६५०।०० | ५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | (ग) गोरेटो वाटो | ४५०।०० | ३००।०० | |
| | (घ) वाटो नभएको | २५०।०० | १५०।०० | |
| | ङ) अंशबण्डा, तीनपुस्ते भित्र दाखेल खारेज प्रयोजन प्रति सिफारीस | २,०००।०० | | |
| ३० | जग्गा दर्ता सिफारिस जग्गाधनीको तर्फबाट (प्रति रोपनी) | ४,०००।०० | ३,२००।०० | |
| ३१ | जग्गा दर्ता सिफारिस मोहीको तर्फबाट (प्रति रोपनी) | २,०००।०० | | |
| ३२ | चारकिल्ला सिफारिस दस्तुरः प्रति आना | | | |
| | (क) १ आना देखि ५ आना सम्म | १,०००।०० | ९००।०० | |
| | (ख) सो भन्दा माथि प्रति आना | १५०।०० | १००।०० | |
| ३३ | धारा सिफारिस | ५००।०० | | |
| ३४ | विद्युत सिफारिस | ५००।०० | | |
| ३५ | नाता प्रमाणित | ५००।०० | | |
| ३६ | मृतकसँगको नाता प्रमाणित | २००।०० | | |
| ३७ | नक्सा नामसारी तथा जग्गा नामसारी प्रति सिफारिस दस्तुर (न.पा., मालपोत प्रयोजनार्थ) | ५००।०० | | |
| ३८ | मोही लगत कट्टा सिफारिस | १,०००।०० | | |
| ३९ | मोही नामसारी | ५००।०० | | |
| ४० | मोही बाँडफाँड तथा मोही र जग्गाधनी बाँडफाड प्रति सिफारिस | ५००।०० | | |
| ४१ | पुर्जामा फोटो टाँस गर्ने सिफारिस | ५००।०० | | |
| ४२ | जीवित रहेको सिफारिस | ५००।०० | | |
| ४३ | जन्ममिति, नामथर तथा सोसँग सम्बन्धित अन्य सबै खालका संशोधन सिफारिस | ५००।०० | | |
| ४४ | व्यक्तिगत विवरण सिफारिस | २००।०० | | |
| ४५ | विद्यार्थी छात्रवृत्ति र असहाय, विपन्न वर्ग छात्रवृत्ति सिफारिस, विपद् तथा प्राकृतिक प्रकोप सिफारिस, औषधी उपचार सिफारिस, अपांग सिफारिस, आर्थिक अवस्था कमजोर सिफारिस दस्तुर | निःशुल्क | | |
| ४६ | अस्थायी बसोबास सिफारिस | स्वदेशी रू ५००।००, विदेशी रू १,५००।०० | | |

| | | | |
|---|---|---|---|
| ४७ | स्थायी बसोबास सिफारिस | २००।०० | |
| ४८ | व्यावसाय बन्द, नाम परिवर्तन, ठाउँसारी, प्रो./सञ्चालक परिवर्तन तथा सो सँग सम्बन्धित सिफारिस | १,०००।०० | |
| ४९ | व्यावसाय सञ्चालनमा नरहेको सिफारिस | ५००।०० | |
| ५० | व्यापार व्यावसाय नभएको सिफारिस | ५००।०० | |
| ५१ | अदालत शुल्क मिनाहा सिफारिस | निःशुल्क | |
| ५२ | नाबालक सम्बन्धी सिफारिस | निःशुल्क | |
| ५३ | संरक्षक सिफारिस | व्यक्तिगत रू १००।००, संस्थागत रू २००।०० | |
| ५४ | नेपाल सरकारको नाममा बाटो सिफारिस | ५००।०० | |
| ५५ | घर, कोठा खोल्ने | कोठाको हकमा रू. ५००।००, घर तथा सटरको हकमा रू. १,०००।०० | बहालकर तिरेको प्रमाण प्राप्त भएपछि |
| ५६ | गैरसरकारी संस्था कार्यक्रम स्विकृत | १,०००।०० | |
| ५७ | जन्म, विवाह, मृत्यु, बसाईसराई प्रमाणित | १००।०० | |
| ५८ | हकदार प्रमाणित | २००।०० | |
| ५९ | अविवाहित प्रमाणित | ५००।०० | |
| ६० | कागज, मञ्जुरीनामा प्रमाणित | २००।०० | |
| ६१ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस | ५००।०० | |
| ६२ | अन्य सिफारिस दस्तुर | २००।०० | |
| ६३ | सर्जमिन दस्तुर (रेखांकन, मालपोत, भूमिसुधार, नापी तथा नगरपालिका कार्यालयबाट सेवा प्रदान गर्दाको वखतमा गरिनुपर्ने सर्जमिनहरू जस्तैः नक्सापास स्विकृत, अन्य) | १,०००।०० | मृतक पछिको नाता प्रमाणितमा गरिने सर्जमिन र भुकम्पपीडितको नक्सा पासका वखत वडा कार्यालयबाट गरिने सर्जमिनमा दस्तुर नलाग्ने |
| ६४ | घर कायम सिफारिस दस्तुर | ५००।०० | सम्पत्तिकर तिरेको प्रमाण पेश भएपश्चात् मात्रै |
| ६५ | घर पाताल सिफारिस, कायम भएको घर हटाउने प्रति सिफारिस दस्तुर | २००।०० | प्राकृतिक प्रकोपबाट भएको घर पातालमा सिफारिस दस्तुर नलाग्ने |
| ६६ | क) पंजीकरण घटना दर्ता (३५ दिनभित्र) | निःशुल्क | |
| | ख) ३६ दिनदेखि ७० दिनसम्म | ८।०० | |
| | ग) ७१ दिनदेखि पंजीकरण घटना दर्ता जरिवाना | ५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| | ग) पंजीकरण घटना दर्ता प्रतिलिपि | १००।०० | | |
| | ६ महिना भित्रमा व्यक्तिगत घटना दर्ता नाम वा अन्य संशोधन गर्न आएमा निःशुल्क र सो भन्दा पछि आएमा रकम रू. | २००।०० | | |
| | व्यक्तिगत घटना दर्ता पुस्तिका निरिक्षणा गर्न चाहेमा रकम रू. | १००।०० | | |
| ६७ | घरजग्गा मूल्यांकन सिफारीस | | | |
| | (क) रु. १० लाखसम्म | १,०००।०० | | विद्यार्थीको हकमा विदेशी अफर लेटर भएकोलाई मात्र ५० प्रतिशत छुट दिईने। |
| | (ख) रु.१० लाख भन्दा माथि प्रति लाख | ५०।०० | | |
| ६८ | सडक खन्न स्वीकृती प्रति वर्ग मिटर | १,५००।०० | | स्विकृतीलाई दस्तुर रकम रु. १,५००।०० र धरौटी रकम प्रति वर्ग मिटर रु. ५,०००।०० |
| ७९ | विद्यालय अनुमति तह | दर्ता | कक्षा थप | |
| | (क) मा.वि. भन्दा माथि प्रति संकाय | २५,०००।०० | नगर शिक्षा कार्यविधिमा उल्लेख भए बमोजिम | |
| | (ख) मा.वि. | २०,०००।०० | | |
| | (ग) पुर्व प्रा.वि., मण्टेश्वरी(अनुमति, नविकरण) | १५,०००।०० | | |
| ७० | सामुदायिक विद्यालय सिफारिस | निःशुल्क | | |
| ७१ | नेपाली नागरिकताको प्रमाणपत्र सिफारिस | निःशुल्क | | |
| ७२ | अंगीकृत नागरिकता सिफारिस | १,०००।०० | | |
| ७३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | ५००।०० | | |
| ७४ | **घ वर्गको ईजाजत** | | | |
| | ईजाजत स्विकृति | २०,०००।०० | | |
| | ईजाजत नविकरण | असोज मसान्तसम्म रू. ५,०००।०० र सो भन्दा पछि चैत्र मसान्तसम्म रू. १०,०००।०० | | |
| | नामसारी, ठाउसारी तथा संशोधन तथा अन्य प्रयोजन समेतका लागि | ५,०००।०० | | |
| ७५ | पार्क, पिकनिक स्पोर्ट तर्फका करहरु | नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ। | | |
| ७६ | खानेपानी प्रा.लि. दर्ता | ५,०००।०० | | |
| ७७ | खानेपानी प्रा.लि. नविकरण | २,५००।०० | | |

| | | | |
|---|---|---|---|
| ७८ | पानी वोरिङ्ग स्विकृति, नविकरण (पुरानोको हकमा, हाल सञ्चालनमा अइरहेको हकमा) तर्फका करहरु | ५,०००।०० | |
| ७९ | डिप वोरिङ्ग स्विकृति (वातावरणलाई असर नपर्ने गरी अव नयाँ खुल्ने र हाल सञ्चालनमा अइरहेको हकमा) तर्फका करहरु | ५०,०००।०० | |
| ८० | डिप वोरिङ्ग (प्राकृतिक श्रोत उत्खनन् तथा बिक्री) | नगरकार्यपालिकाले निर्णय गरे बमोजिम | |
| ८१ | फिरफिरे, वालुवा वासिङ्ग, माटो उत्खनन दर्ता नविकरण क्रमशः | प्रदेश सरकारको कानुन बमोजिम | |
| ८२ | ह्याण्डीक्राफ्ट तथा उद्योग धन्दा सञ्चालन तर्फका करहरु | ५,०००।०० र २,५००।०० | |
| ८३ | कार्यालयीय कागजात प्रतिलिपि दस्तुर | प्रति पाना रू. ५।०० | |
| ८४ | रसिद प्रतिलिपि | प्रति रसिद रू. ५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ८५ | न.पा. क्षेत्रभित्रबाट विना स्विकृति बालुवा निकासी गरेमा जरिवाना | | | |
| | साधनको नाम | पहिलो पटकका लागि | दोहोरिएमा | |
| | ट्र्याक्टर | ५,०००।०० | १०,०००।०० | जरिवानामा वालुवाको रकम रू. १,०००।०० थप लाग्नेछ। |
| | मिनी ट्रक | ७,०००।०० | १४,०००।०० | जरिवानामा वालुवाको रकम रू. २,०००।०० थप लाग्नेछ। |
| | छ चक्के ट्रक/ट्रिपर | १२,०००।०० | २०,०००।०० | जरिवानामा वालुवाको रकम रू. ४,०००।०० थप लाग्नेछ। |
| | दश चक्के ट्रक/ट्रिपर | १८,०००।०० | २५,०००।०० | जरिवानामा वालुवाको रकम रू. ६,०००।०० थप लाग्नेछ। |
| | न.पा. क्षेत्रभित्रबाट विना स्विकृति माटो निकासी गरेमा जरिवानाः यसरी प्राप्त भएको जरिवाना रकम मध्येबाट चालीस प्रतिशतले हुन आउने रकम चोरी निकासीमा सहयोग गर्ने सम्बन्धित पक्ष वा सहयोग गर्ने प्रहरीलाई उपलब्ध गराउने। | | | |
| | साधनको नाम | पहिलो पटकका लागि | दोहोरिएमा | |
| | ट्र्याक्टर | १,७००।०० | ३,४००।०० | जरिवानामा माटोको रकम रू. ८,००।०० थप लाग्नेछ। |
| | मिनी ट्रक | २,५००।०० | ५,०००।०० | जरिवानामा माटोको रकम रू. १,०००।०० थप लाग्नेछ। |
| | छ चक्के ट्रक/ट्रिपर | ४,०००।०० | ८,०००।०० | जरिवानामा वालुवाको रकम रू. २,५००।०० थप लाग्नेछ। |
| | दश चक्के ट्रक/ट्रिपर | ६,०००।०० | १२,०००।०० | जरिवानामा वालुवाको रकम रू. ४,०००।०० थप लाग्नेछ। |

<table>
<tr><td>८६</td><td>माथि उल्लेखित प्रकार तथा प्रकृतिमा सोही बमोजिम अन्यको हकमा</td><td>१,०००।०० देखि २५,०००।०० सम्म</td><td>नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम हुने</td></tr>
<tr><td>८७</td><td colspan="3">चारकिल्ला तथा घरबाटो जस्ता सिफारिसहरु दिए पश्चात् एकै आ.व./सो को तोकिएको निश्चित म्यादमा काम नभएर सो म्याद पछि सोही कित्ता जग्गाको पुनः सोही सिफारिस लिन आउँदा सोको लागि लाग्ने दस्तुर सुरुमा सेवा प्रदान गर्दाका वखत सरह नै हालको भौतिक संरचना निर्माणको अवस्था हेरी उपलब्ध गराउनुपर्ने</td></tr>
</table>

**अनुसूची - १४**

**(दफा १४ सँग सम्बन्धित)**

**पर्यटन शुल्क**

| क्र.स. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |

यस सम्बन्धी ब्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची - १५
## (दफा १५ सँग सम्बन्धित)
## कर छुट सम्बन्धमा।

यस नगरपालिका क्षेत्रभित्र रहेका करदाताहरूलाई देहाय बमोजिको करमा कर छुट दिने व्यवस्था गरिएको छ।

१. मृतक पछिको नाता प्रमाणितमा गरिने सर्जमिन र भुकम्पपीडितको नक्सा पासका वखत वडा कार्यालयबाट गरिने सर्जमिनमा दस्तुर नलाग्ने

२. संघीय सकरारबाट चालु वर्षमा कम्तीमा एक महिना घरभाडा छुट भनी अनुरोध गरिएकोमा यदि भाडा छुट गरेको प्रमाण पेश गरेमा सो समयको बहालकर छुट,

३. आ.व. २०७६।०७७ को मात्रै सम्पक्ति कर तिर्न छुट भएका करदाताको हकमा २०७७ कार्तिक मसान्तसम्म कर तिर्न आएमा (आ.व. २०७६।०७७ मात्रै वक्यौता रहेको हकमा) सो वक्यौतामा लाग्ने जरिवाना छुट,

४. आ.व. २०७६।०७७ को मात्रै व्यावसाय कर तिर्न छुट भएका करदाताको हकमा २०७७ कार्तिक मसान्तसम्म कर तिर्न आएमा (आ.व. २०७६।०७७ मात्रै वक्यौता रहेको हकमा) सो वक्यौतामा लाग्ने जरिवाना छुट,

५. आ.व. २०७७।०७८ को प्रथम चौमासिक सम्ममा सम्पक्ति कर तिर्न आउने करदाताहरुलाई चालु आ.व. मा आउने रकमको १० (दश) प्रतिशतले हुन आउने रकम छुट,

६. आ.व. २०७७।०७८ को प्रथम चौमासिक सम्ममा अग्रीम (वार्षिक रूपमा) बहालकर तिर्ने करदातालाई एकमुष्ठमा १० (दश) प्रतिशतले हुन आउने रकम छुट दिईनेछ।

७. आ.व. २०७७।०७८ को लागि नगरपालिका क्षेत्रभित्रबाट निकासी हुने ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल र माटोको बिक्री शुल्क संकलनको ठेक्का सम्वन्धी शिलवन्दी वोलपत्र आह्वान गर्दा बोलपत्रदाताले कबोल गरेको कुल कबोल अंकलाई दुई किस्ता कायम गरी पहिलो किस्ता वापत कुल कबोल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने र बाकी ५० प्रतिशत रकम २०७७ पौष मसान्त भित्र बुझाउनु पर्ने छ। कुल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रिम वुझाएमा कार्यालयले निर्णय गरी कबोल अंकको बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।

यस सम्बन्धी ब्यबस्था तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।